# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः १२ जुलाई २०२५

समयः १८:५० - १९:०० बजे

## मुख्य समाचार

- प्रधानमंत्री नरेंद्र मोदीले भन्नुभएको छ कि रोज़गार मेलाले युवाहरुलाई सशक्त बनाउने अनि विकसित भारतको निर्माणमा उनीहरुको सक्रिय सहयोग लिने सरकारको प्रतिबद्धतालाई दर्शाउद छ ।

- कोलकाता स्थित भारतीय प्रबंधन संस्थान-आईआईएम जोका मा भएको दुष्कर्मको आरोपीलाई आज अदालतले 19 जुलाई सम्मको लागि पुलिस हिरासतमा पठाएको छ ।

- सड़क परिवहन राज्य मंत्री श्री अजय टम्टाले आज बालासन देखि सेवक सम्म एलिवेटेड हाईवे कॉरिडोर परियोजनाको निर्माणाधीन निर्माण कार्यको निरीक्षण गर्नुभयो ।

- वरिष्ठ साहित्यकार एवं पद्मश्रीले सम्मानित सानु लामाको आज सिलगढीको एक निजी अस्पतालमा निधन भएको छ।

- कालेबुङ सचेत मञ्चद्धारा प्रदान गरिने सचेत नागरिक सम्मान, यस वर्ष सिलगडीका वरिष्ठ चिकित्सक पी डी भुटियालाई प्रदान गरिने भएको छ ।

## प्रधानमंत्री-रोज़गार मेल

प्रधानमंत्री नरेंद्र मोदीले भन्नुभएको छ कि रोज़गार मेलाले युवाहरुलाई सशक्त बनाउने अनि विकसित भारतको निर्माणमा उनीहरुको सक्रिय सहयोग लिने सरकारको प्रतिबद्धतालाई दर्शाउद छ । उहाले भन्नुभयो - आज विश्वले मान्दछ कि भारतको दुई वटा असीम शक्तिहरु छन्,एउटा हो भारतको जनसांख्यिकी अनि अर्को लोकतंत्र। प्रधानमंत्रीले आज वीडियो कॉन्फ्रेंसिंगको माध्यम द्वारा विभिन्न सरकारी विभागहरुमा 51 हज़ार भन्दा अधिक युवाहरुलाई नियुक्ति पत्र वितरित गर्नुभए पछि रोज़गार मेलामा बोल्दैह्नुहुन्थियो । नवनियुक्तहरुलाई बधाई दिंदै , श्री मोदीले भन्नुभयो – सरकारको रोज़गार मेला पहल द्वारा लाखों युवाहरुले सरकारमा स्थायी नौकरिहरु प्राप्त गरिसकेका छन् अनि राष्ट्र निर्माणमा अहम भूमिका निभाईरहेका छन् । प्रधानमंत्रीले देशमा विकसित भैरहेको स्टार्टअप, नवाचार अनि अनुसंधानको बढ़दो इको सिस्टमको पनि उल्लेख गर्नुभयो जसले देशका युवाहरुको क्षमतालाई बढ़ाईरहेको छ ।

## आईआईएम-जोका

कोलकाता स्थित भारतीय प्रबंधन संस्थान-आईआईएम जोका मा भएको दुष्कर्मको आरोपीलाई आज अदालतले 19 जुलाई सम्मको लागि पुलिस हिरासतमा पठाएको छ । हिज परिसरमा एक छात्रले कथित रुपमा एक महिला सित दुष्कर्म गरेको थियो । पीड़िताको शिकायतको आधारमा पुलिसले कर्नाटक निवासी परमानंद टोप्पावाकर नामक छात्रलाई पक्राउ गरेको छ ।यसै बीच, शिक्षा अनि पूर्वोत्तर क्षेत्र विकास राज्य मंत्री डॉ. सुकांत मजूमदारले आज आईआईएम जोका का निदेशकबाट मामलाको रिपोर्ट मंग्नुभएको छ ।

## रोजगार मेला - पश्चिम बंगाल

देशभरिमै आयोजित रोजागार मेला अंतर्गत सियालदाह, सिलगडी अनि खडगपुरमा पनि रोजगार मेलाको आयोजन गरियो। मेलाको अवधि विभिन्न मंत्रालयहरुमा नियुक्त भएका कुल 449 नयाँ अभ्यर्थिहरुलाई नियुक्ति-पत्र प्रदान गरियो। केंद्रीय शिक्षा अनि पूर्वोत्तर क्षेत्र विकास मंत्रालयका राज्य मंत्री डॉक्टर सुकांत मजूमदारले सियालदाह रोजगार मेलामा 215 नवनियुक्त कर्मिहरु मद्धे 25 नवनियुक्त कर्मिहरुलाई नियुक्ति-पत्र दिनुभयो। खडगपुरमा 155 अनि सिल्गदिमा 79 नियुक्ति-पत्र अभ्यर्थिहरुलाई प्रदान गरियो।

**अजय टम्टा**

सड़क परिवहन राज्य मंत्री श्री अजय टम्टाले आज सांसद राजू विष्ट, सांसद जयंत राय, विधायक आनंदमय बर्मन सहित अन्य अधिकारिहरु सित बालासन देखि सेवक सम्म एलिवेटेड हाईवे कॉरिडोर परियोजनाको निर्माणाधीन निर्माण कार्यको निरीक्षण गर्नुभयो। केंद्रीय मंत्रीले खुशी ब्येक्त गर्दै भन्नुभयो - परियोजनाको लागि भूमि अधिग्रहणमा ढिलाई भएता पनि आज सम्म परियोजनाको 53% भौतिक कार्य पूरा भैसकेको छ। कार्यको यो गति अभूतपूर्व छ। बालासन देखि सेवक आर्मी कैंट एलिवेटेड हाईवे कॉरिडोर हाम्रा क्षेत्रका मानिसहरु बिशेष गरेर ती मानिसहरुको धरै लामो समय देखि एउटा सपना रहेको थियो जसले दार्जिलिंग मोड़ पार गर्न पर्दथियो। केंद्रीय मंत्रीले भन्नुभयो यस महत्वपूर्ण बुनियादी ढांचाले पुरानो यातायात भीड़भाड़को समस्या समाधान गर्नेको साथै बहुमूल्य समय बचाउनेछ अनि हाम्रा सिलगडी , दार्जिलिंग पहाड , तराई अनि डुआर्स क्षेत्रमा महत्वपूर्ण निवेश आकर्षित गर्नेछ।यो कॉरिडोरले बालासन पुल , खपरैल मोड़, मत्तीगड़ा, दार्जिलिंग मोड़, सिलगडी , महानंदा नदी, 2-माइल अनि सालुगाड़ा सहित प्रमुख क्षेत्रमा सम्पर्कलाई अझ सुद्रिड बनाउनेछ। दार्जिलिंगका सांसद राजू विष्ट यी परियोजनाहरु साथै रिंग रोडको लागि लगातार प्रयासरत रहेको मन्त्रीले अझ बताउनुभयो। राज्य सरकारको तर्फ बाट यस कार्यमा ढिलाई भैरहेको पनि उहाले बताउनुभयो। राज्य सरकारले यदि पूर्ण सहयोग गरे उत्तर बंगाल मात्र नभएर राज्यभरिनै सड़कको जाल बिछाईने उहाले अझ बताउनुभयो। उहाले भन्नुभयो सिलगडीको मार्ग भएर दार्जिलिंग, कालेबुंग , सिक्किम अनि भारतको अन्य भागहरुबाट आउ-जाउ गर्नेहरुका लागि पनि यसले सुगम यात्राको सुविधा प्रदान गर्नेछ। उहाले भन्नुभयो – यो राजमार्ग कॉरिडोर इंजीनियरिंगको एक अद्भुत नमूना सिद्ध हुनेछ अनि पर्यटन उद्योगलाई साथै व्यापार अनि वाणिज्यलाई पनि बढ़ावा दिनेछ तथा हाम्रा युवाहरुका लागि रोजगारको अवसर प्रदान गर्नेछ। सबै भन्दा महत्वपूर्ण कुरो यो छ कि यसले हाम्रो क्षेत्र अनि देशको अन्य भागहरु बीच सम्पर्क बलियो हुनेछ फलस्वरुप निरंतर विकास अनि प्रगतिको मार्ग प्रशस्त हुनेछ। प्रश्चिम बंगाल प्रवासको अवधि मंत्री अजय टम्टा सिलगडी नजिक एक चिया बागान जानुभयो अनि त्यहाका मेहनती श्रमिकहरुसित बातचित गर्नुभयो।
उहा, न्यू जलपाईगडीमा आयोजित **रोजगार** मेलामा पनि सहभागि हुनुभयो अनि चयनित युवाहरुलाई नियुक्ति पत्र प्रदान गर्नुभयो। उहाले अझ भन्नुभयो – सरकारको संकल्प रहेको छ कि देशका युवाहरुलाई अधिक भन्दा अधिक रोजगारको अवसरहरु उपलब्ध गराउन सकियोस। Skill development, transparent recruitment अनि merit-based selection प्रक्रियाको माध्यम द्वारा हामी प्रतेक योग्य उम्मीदवार सम्म नौकरीको अवसर उपलब्ध गराउन प्रतिबद्ध छौ भनि उहाले अझ बताउनुभएको छ।

**सानु लामा-निधन**

वरिष्ठ साहित्यकार एवं पद्मश्रीले सम्मानित सानु लामाको आज सिलगढीको एक निजी अस्पतालमा निधन भएको छ। जन्मले गरूड़ सिंह लामा, आफ्ना कर्म र कीर्तिहरूमा 'सानु लामा' नामले प्रसिद्ध हुनुहुन्थ्यो। कवि, कथाकार, गीतकार, अनुवादक सानु लामाका कृतिहरू अङ्ग्रेजी, हिन्दीलगायत अन्य धेरै भारतीय भाषाहरूमा अनुवाद भएका छन्। छोग्यालकालीन सिक्किमको राष्ट्रिय गीत 'जहाँ बग्छ टिस्टा-रङ्गीत... ' -का रचयिता लामाले थुप्रै मार्मिक नेपाली गीतहरूको पनि रचना गर्नु भएको छ | पेशाले इञ्जिनियर सानु लामाले साहित्य र समाजको विकास अनि रूपान्तरण दिनुभएका अतुलनीय योगदानको निम्ति बर्ष 1993 –मा 'मृगतृष्णा' –को लागि साहित्य अकादमी पुरस्कार प्राप्त गर्नुभयो भने सिक्किम भानु पुरस्कार, डा. शोभाकान्ति थेगिम स्मृति पुरस्कार, मदन व्याख्यानमाला पुरस्कार आदि प्रमुख पुरस्कारहरू प्राप्त गर्नुभयो। बर्ष 2005 मा भारत सरकारले उहाँलाई देशको चौथो सर्वोच्च नागरिक पुरस्कार 'पद्मश्री'-ले विभूषित गऱ्यो। साहित्यकर्मसँगै भाषा आन्दोलनमा पनि स्व. लामाको महत्वपूर्ण योगदान रहेको थियो। नेपाली भाषा मान्यताको आन्दोलन शिखरमा पुगेका बेला गठित भारतीय नेपाली राष्ट्रिय परिषद् (भानेराप)– का उहाँ संस्थापक सचिव हुनुहुन्थियो भने, उहाँ नेशनल बुक ट्रस्ट, साहित्य अकादमी, दिल्ली, नेपाली साहित्य परिषद, सिक्किम अनि हिमालयन राइटर्स फोरमसँग पनि जोड़िनुभएको थियो। सिक्किम अकादमीका उहाँ प्रथम अध्यक्ष हुनुहुन्थ्यो। सिक्किमका मुख्य

मन्त्रि प्रेमसिंह तामांग, सिक्किम डेमोक्रेटिक फ्रण्टका अध्यक्ष पवन चामलिङ लगाएत नेपाली भाषा अनि साहित्यका साथै अन्य साहित्यकारहरुले पनि उहाको निधनमा गहिरो शोक प्रकट गरेका छन् |

## सचेत नागरिक सम्मान

कालेबुङ सचेत मञ्चद्धारा बर्सेनी प्रदान गरिने सचेत नागरिक सम्मान, यस वर्ष सिलगडीका वरिष्ठ चिकित्सक पी डी भुटियालाई प्रदान गरिने सल्लाहकार डाक्टर भुवन पी खनालले बताउनु भएको छ । बर्ष 2017 मा स्थापित सामाजिक संस्था कालेबुङ सचेत मञ्चले विभिन्न क्षेत्रमा सेवा प्रदान गर्ने ब्यक्ति विशेषलाई सम्मान प्रदान गर्दै आइरहेको छ भने यस वर्ष डा° पी डी भुटियालाई प्रदान गरिने बताइएको छ। डा° पी डी भुटियाले स्वास्थ क्षेत्रमा आम मानिसहरूलाई विभिन्न प्रकारले सचेत गराउँदै आएका छन् भने उपचारको क्रममा बीमारीहरूलाई सहुलियत पनि प्रदान गरिरहेका छन्। सचेत मञ्चद्वारा आगामी 3 अगस्टमा विशेष कार्यक्रम आयोजना गरी उहालाई सम्मान जनाइने भएको छ । पत्रकार सम्मेलनमा मञ्चका अध्यक्ष भरत योगी सचिव हेम कुमार सापकोटा लगायत अन्य पदाधिकारीको उपस्थिति रहेको थियो।

## एडवर्ड्स फाउण्डेशन - श्रद्धा यात्रा

एडवर्ड्स फाउण्डेशनद्वारा आयोजित श्रद्धा यात्राको अजय एडवर्ड्स अनि उहाकी पत्नी प्रिया एडवर्ड्सद्वारा शुभारम्भ गरिएको छ। पहिलो चरणमा बन्द रहेको तुङ्गसुङ्ग चिया बगानका वासिन्दाहरुलाई नेपालको इलामस्थित माँ पाथीभरा मन्दिर दर्शनको निम्ति प्रस्थान गरिएको छ। अजय एडवर्ड्सले गत श्रमिक दिवसको दिन गरेको घोषणा अनुसार यो श्रध्दा यात्रा शुरु गरिएको छ। अब प्रतेक सप्ताह बन्द चियाबारीकामानिसहरुलाई लिएर तीर्थ यात्रा गराइने भएको छ। यसै क्रममा पहिलो तीर्थ यात्रा बन्द चियाबारी चुङथुङका मानिसहरुलाई लिएर पाथीभरा देवीको दर्शनको लागि प्रस्थान गराइएको छ।

****** ० ******